# कृषि सहायक प्रशिक्षक (बाली विज्ञान) (सहायकस्तर प्रथम श्रेणी प्रा.) पदमा नियुक्ति हुनु भएका श्री लोचन सापकोटालाई योग्यताक्रमको सूचीबाट नाम हटाई प्रतिक्षा सुची (बैकल्पिक) का उम्मेदवार रहनु भएका श्री तिलक वली स्थायी नियुक्ति पत्र बुझ्न आउने बारेको अत्यन्त जरूरी सूचना !

सूचना प्रकाशित मिति २०८३।०५।१० गते

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, पदपूर्ति समितिको मिति २०८१।०३।२८ गतेको गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार पदपूर्ति समितिको मिति २०८२।०५।१६ गतेको सिफारिस अनुसार विज्ञापन नम्बर ११४/०८०-०८१ (खुल्ला) प्राविधिक तथा प्रशिक्षण सेवा, कृषि तथा भेटेरेनरी/कृषि समूह/उपसमुह, सहायक स्तर प्रथम श्रेणीको कृषि सहायक प्रशिक्षक(बाली बिज्ञान) पदमा राप्ती प्राविधिक शिक्षालय, दाङ्गमा दरबन्दी रही शहिद नेत्रलाल बहु प्राविधिक शिक्षालयमा कार्यरत रहनु भएका श्री लोचन सापकोटाले मिति २०८३।०४।३१ गतेदेखि लागू हुने गरी परिषद् सेवाको कृषि सहायक प्रशिक्षक(बाली बिज्ञान) पदबाट दिनु भएको राजिनामा परिषद् कार्यालयको मिति २०८३।०५।१० गतेको निर्णयानुसार सोही मितिदेखि लागू हुने गरि निजको राजिनामा स्वीकृत भएको हुँदा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ (छैटौं संशोधन सहित) को बिनियम ३३(३) मा नियुक्तिको लागि सिफारिस भएको मितिले एक वर्षभित्र योग्यताक्रममा परेका उम्मेदवारले नियुक्ति लिएको पदबाट राजिनामा दिई वा निजको मृत्यु भई वा निजको अन्य पदमा नियुक्ति भई वा एक वर्षभित्र कुनै कारणले उक्त पद रिक्त हुन आएमा त्यस्तो उम्मेदवारको नाम योग्यताक्रबाट हटाई प्रतिक्षा सूचीमा रहेका उम्मेदवारहरु मध्ये योग्यताक्रमको आधारमा नियुक्ति दिइनेछ भन्ने व्यवस्था भए बमोजिम उक्त पदमा नियूक्ति भएका उम्मेदवार श्री लोचन सापकोटाले राजिनामा दिनुभएको हुदा निजको नाम योग्यताक्रमको सूचीबाट हटाई उक्त पदमा बैकल्पिक (प्रतिक्षा सुची) उम्मेदवारहरुको योग्यताकम नं १ मा रहनु भएका बीर बहादुरको नाति, कृष्ण बहादुरको छोरा बिरेन्द्रनगर-१२, सुर्खेत स्थायी ठेगाना भएका रोल नम्बर ११४३६१ का उम्मेदवार श्री तिलक वलीलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त पदमा स्थायी नियुक्ति पत्र बुझ्न आउनको लागि यो सूचना यो सूचना प्रकाशित गरिएको छ ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**प्रशासन महाशाखा, सानोठिमी, भक्तपुर ।**
**फोन नं ०१-६६३०४०८**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर

२०८३/०५/१०

बद्री प्रसाद दाहाल
प्रशासकीय अधिकृत